# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
# SONAPUR MINERALS AND OIL LIMITED

रजिष्टर्ड कार्यालय : वडा नं. ०९, काठमाडौं, नेपाल
फोन नं.: +९७७-०१-४४७८०२८
Email: admin@sonacement.com Website: www.sonacement.com

को

## उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरू र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,०७,५०,५०,०००/- को ४० प्रतिशत अर्थात रु.१,२३,००,२०,०००/- (अक्षरेपी एक अर्ब तेईस करोड बीस हजार रुपैयाँ मात्र) रकम बराबरको कूल १,२३,००,२०० कित्ता साधारण शेयरहरुको प्राथमिक सार्वजनिक निष्काशन गर्न लागेको । जसमध्ये १५,३७,५२५ कित्ता अर्थात जारी पूँजीको ५ प्रतिशतले हुने शेयर कित्ता उद्योग प्रभावित क्षेत्र: दाङ्ग र रोल्पा जिल्लाका सम्पूर्ण स्थानीय बासिन्दाहरुका लागि प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१२५/- थप गरी प्रति शेयर जम्मा रु.२२५/- दरमा छुट्याई निष्काशन गरिएको र उक्त स्थानीय बासिन्दाहरुको लागि छुट्याईएको शेयरमा पूर्ण रुपमा आवेदन पर्न नआएमा बाँकी रहेको शेयर समेत सर्वसाधारणमा निष्काशन गरिने शेयरमा थप गरी सोही अनुपातमा सार्वजनिक निष्काशनको १० प्रतिशतले हुन आउने शेयर कित्ता अर्थात १०,७६,२६८ कित्ता प्रति शेयर अंकित मूल्य रु. १००/- मा प्रिमियम वापत रु.१३७/५८ थप गरी प्रति शेयर जम्मा मूल्य रु. २३७/५८ दरमा नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगारी गरीरहेका नेपालीहरुको लागि **आज मिति २०८० साउन २९ गते सोमबार देखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा संम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि | |
|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या : | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : | १५,००,००० कित्ता |

दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१२५/- थप गरि प्रति शेयर अंकित मूल्य रु.२२५/- शतप्रतिशत भुक्तानी गर्नुपर्ने

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि | |
|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या : | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : | १०,७६,२६८ कित्ता |

दरखास्तसाथ प्रति शेयर अंकित मूल्य रु.१००/- मा प्रिमियम वापत रु.१३७.५८ थप गरि प्रति शेयर रु.२३७.५८ शतप्रतिशत भुक्तानी गर्नुपर्ने

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थान |
|---|---|
| १ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड, वडा नं. ०९, काठमाडौं र वेबसाइट www.sonacement.com |
| २ | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.niblcapital.com |
| ३ | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

### दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :

### उद्योग प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सि-आस्बा (C-ASBA) प्रणालीबाट आवेदन दिन असमर्थ उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका संकलन केन्द्रहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

| सि.नं. | संकलन केन्द्रहरु | सि.नं. | संकलन केन्द्रहरु |
|---|---|---|---|
| १ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., लमही शाखा, दाङ्ग | ६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., जुङ्गार शाखा, रोल्पा |
| २ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., घोराही शाखा, दाङ्ग | ७ | कुमारी बैंक लि. सुलिचौर, रोल्पा |
| ३ | प्राइम कमर्सियल बैंक लि., तुलसीपुर शाखा, दाङ्ग | ८ | ग्लोबल आईएमई बैंक लि. होलेरी, रोल्पा |
| ४ | सिटिजन्स बैंक इन्टरनेशनल, बङ्गलाचुलि शाखा, दाङ्ग | ९ | ग्लोबल आईएमई बैंक लि. लिवाङ्ग, रोल्पा |
| ५ | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड, नारायणपुर शाखा, दाङ्ग | | |

आवश्यकता अनुसार उद्योग प्रभावित क्षेत्रका लागी नेपाल धितोपत्र बोर्डबाट स्वीकृती लिई अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ । साथै उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम बापत रु. २/- (दुई रुपैया मात्र) शुल्क बुझाउनु पर्नेछ ।

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

| उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला मिति : | २०८०/०४/२९ गते |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८०/०५/११ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०८०/०५/२६ गते (बैंकिङ्ग समय पश्चात्) |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला मिति: | २०८०/०४/२९ गते |
| निष्काशन बन्द हुने मिति: | २०८०/०५/११ गते (बैंकिङ्ग समय पश्चात्) |

**संस्थापक, सञ्चालक तथा निजको एकाघर परिवारका सदस्यहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

### नेटवर्थ सम्बन्धि विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | २०८० आषाढ मसान्त | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ११९.४० | १३५.५४ | १४२.०१ | १४९.८१ | २०१.६५ | २१५.९७ | २२९.५२ |
| प्रति शेयर आम्दानी (रु.) | १०.३५ | १६.१४ | ६.४७ | ७.८ | १७.५८ | २२.३१ | २३.५५ |
| नेटवर्थमा प्रतिफल (%) | ८.६७ | ११.९१ | ४.५६ | ५.२१ | ८.७२ | १०.३३ | १०.२६ |
| रिजर्भ एण्ड सर्प्लस (रु. हजारमा) | ३५८,०१८ | ६५५,७७५ | ७७५,१२४ | ९११,०८९ | ३,१२५,९१६ | ३,५६५,९८९ | ३,९८२,७०३ |

**कम्पनीले प्राप्त गरेको उत्खनन् अनुमतिको बाँकी अवधि :**

- अनुमतिपत्र नं. ८०/०६६/६७ को बहाल रहने अवधि मिति २०६६/०९/०९ देखि २०८६/०९/०८ सम्म रहेकोले ६ वर्ष बाँकि रहेको छ ।
- अनुमति पत्र नं. २१३/०७१/७२ को बहाल रहने अवधि मिति २०७२/०२/२९ देखि २०९२/०२/२८ सम्म रहेकोले १२ वर्ष बाँकि रहेको छ ।
- अनुमति पत्र नं. ११४/०६७/६८ को बहाल रहने अवधि मिति २०६७/०९/२७ देखि २०९७/०९/२६ सम्म रहेकोले १७ वर्ष बाँकि रहेको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूयर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०७९/०८/१५ मा क्रेडिट रेटिङ्ग गराई **"IRN BBB-(Is) [Tripple B Minus (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ । **जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate degree of safety regarding timely servicing of financial obligations) मानिन्छ।** इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "IRN AAA (Is)" ले बलियो आधार जनाउँछ भने "IRN D (Is)" ले कमजोर आधार जनाउँदछ। उक्त विवरण स्वीकृत विवरणपत्रको दफा ग.२२ (ट) मा समेत उल्लेख गरिएको छ।

**रेटिङ्ग प्राप्त गरेको मिति :** २०७९/०८/१५ (सन् २०२२, डिसेम्बर ०१) **बहाल रहने मिति :** २०८०/०८/१४ (सन् २०२३, नोभेम्बर ३०)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८० साउन २१ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.sonacement.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.niblcapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

**स्विकृत विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पुरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०, फ्याक्स : +९७७-१-४००५०८४
Email : info@niblcapital.com, Website : www.niblcapital.com